# शुद्धोधन गाउँपालिका, रुपन्देहीको
# १६औं गाउँसभामा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम, २०८१

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

यस गरिमामय गाउँसभाको अवसरमा राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र प्राप्ति, तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि भएका जन आन्दोलन एवं बलिदानी पूर्ण संघर्षमा देश र जनताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरूमा भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न गर्दछु ।

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार"** भन्ने पहिलो गाउँसभाको दीर्घकालीन सोचलाई सार्थक पार्ने प्रयत्नका साथ कार्यान्वयन गर्ने क्रममा शुद्धोधन गाउँपालिका स्थापना भएपछिको १६ औं गाउँसभामा अध्यक्षको हैसियतले आ.व. २०८१/०८२ को गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित भएको छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय महत्वका दृष्टिकोणले अत्यन्तै प्रबल सम्भावना भएको गाउँपालिका भए तापनि द्रुत विकास हुन सकिरहेको

छैन । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरि आर्थिक गतिविधिहरूको माध्यमद्वारा रोजगारी सृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिक र आधुनिकीकरण गर्ने, सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने अठोट रहेको छ । पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्ने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने उद्धेश्य राखिएको छ । त्यसैगरी आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र संस्थागत सुदृढीकरण गर्ने तथा नेपालको संविधान, २०७२ को अनुसूची-८ मा उल्लेख भएबमोजिमका अधिकारहरूमा संघीय र प्रदेश कानूनसँग नबाझिने गरि कानून निर्माण तथा कार्यान्वयन गरि अत्मनिर्भर हुने समग्र चुनौतीहरू हाम्रा सामु विध्यमान छन् ।

विगतका वर्षहरूको योजना कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलब्धीहरू हासिल भएका छन् । कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, गौतम बुद्धको जन्मस्थल लुम्बिनी आउने पर्यटक भित्र्याउन सक्ने उत्तीकै सम्भावना रहेको, धार्मिक, संस्कृतिक, पुरातात्विक सम्पदा प्रचुर मात्रामा हुँदा आध्यात्मिक क्षेत्रको स्वतःस्फुर्त रुपमा विकास हुदैं गएको विभिन्न जातजातिहरूको साँस्कृतिक सम्पदाको बजारीकरणको सम्भावना भएको साथै शुद्धोधन गाउँपालिका क्षेत्रमा साना ठूला उद्योगको विकास गरी लाभ लिन सक्ने अवस्था रहेको छ ।

समावेशी, समानुपातिक विकासमा सरलता, निष्पक्षता र पारदर्शिता कायम राखी छिटो छरितो सेवा हरेक नागरिकले महशुस गर्ने गरी प्रत्याभूत गराउनु गाउँपालिकाको जिम्मेवारी हो । यसका लागि स्थानीय तहमा क्रियाशील सम्पूर्ण

राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरूको साथ र सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास लिएको छु ।

**सम्मानित सभाका सदस्यज्यूहरू,**

संवैधानिको व्यवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँपालिकाको दीर्घकालीन सोंच, गाउँपालिकाको प्रथम आवधिक योजना र क्षेत्रगत रुपमा जनता एवम् सम्बद्द पक्षसँग गरिएका प्रतिबद्धताहरू समेतलाई मनन गरी चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तयार गरिएको थियो । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्माणमा समेत यिनै कुराहरूलाई मूख्य आधारको रुपमा लिइएको छ । सीमित श्रोत साधनको उच्चतम सदुपयोग गर्दै उत्पन्न भएका चुनौतीहरूलाई सम्बोधन गर्ने र विकास कार्यलाई गति प्रदान गर्ने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरिएको छ । यसै क्रममा विषयगत समितिका संयोजकज्यूहरूबाट चालू आर्थिक वर्ष २०८० ।०८१ को लागि स्वीकृत नीति तथा कार्यक्रम र बजेट विनियोजनको मूख्य उपलब्धीको विवरण यस सम्मानित सभामा पेश हुन गइरहेको व्यहोरा जानकारी गराउँदछु ।

**गाउँसभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८१/०८२ को दीर्घकालीन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त रूपमा उल्लेख गर्न चाहन्छु ।

**गाउँपालिकाको दीर्घकालीन सोचः**

विकासका सबै भौतिक पूर्वधार एवम् मानवीय क्षमता विकास गरी समृद्ध आधुनिक र सुन्दर गाउँपालिका बनाउँदै सु-शासन, गरिवी निवारण एवम रोजगारीको सुनिश्चिततामा योगदान पुऱ्याउने ।

उद्देश्यः

गाउँपालिकामा रहेको विद्यमान बेरोजगार, बहुआयामिक गरिवी र असमानता घटाई सामाजिक आर्थिक रुपमा रुपान्तरण गर्ने ।

**प्राथमिकताका क्षेत्रः**

- भौतिक पूर्वाधारहरूको स्तरोन्नति एवम् गुणस्तरीय निर्माण कार्यमा जोड ।
- कृषि, पशु, वन, वातावरण र पर्यटन प्रवर्द्धन र विकासमा जोड ।
- स्वच्छ, पारदर्शी र जनमैत्री भ्रष्टचारमुक्त सार्वजनिक सेवामा जोड ।
- मानवीय विकास, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र सरसफाईमा जोड ।
- सेवाप्रवाह, संस्थागत विकास र सु-शासनमा जोड ।
- लैगिक समानता र सामाजिक समावेशीकरणमा जोड ।
- दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा जोड ।
- आर्थिक, सामाजिक एवम शासकीय सुधारमा जोड ।
- आर्थिक विकास र गरिवी निवारणमा जोड ।
- समृद्ध र स्रोत सम्पन्न नगरीको रूपमा यस गाउँपालिकालाई विकास गर्ने ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्ने ।
- कृषिमा पकेट क्षेत्र निर्धारण गरी मत्स्य पर्यटन एवम धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।
- गाउँपालिकाभित्र रहेका ऐलानी, प्रति, सरकारी, सार्वजनिक जग्गाको लगत संकलन, नक्साङ्कन, सिमाङ्कन गरी संरक्षण गर्ने ।

**गाउँसभा सदस्यज्यूहरू,**

अव म शुद्धोधन गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा लिएका विषयगत मूख्य नीति तथा कार्यक्रमहरू यस सम्मानित सभा समक्ष अध्ययनका लागि सबै सदस्यहरूलाई १० मिनटको समय निर्धारण गर्दछु ।

# १. आर्थिक विकास समिति

## क. कृषि विकासतर्फ

१. गाउँपालिकाबाट वितरित किसान सेवा कार्डलाई थप व्यवस्थित गरिदै लगिनेछ ।

२. **एक वडा एक बाली पकेट क्षेत्र** कार्यक्रमलाई प्राथमिकताका आधारमा अगाडि बढाइनेछ ।

३. रासायनिक मलको समस्यालाई न्यूनीकरण गर्न किसानलाई जौविक खेति तथा जैविक मल उत्पादन गर्नेतर्फ प्रोत्साहन गरिनेछ ।

४. किसानलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था कार्यक्रमलाई प्राथमिकता साथ अगाडि बढाइनेछ ।

५. कृषकको उत्पादन लागत कम गर्न कृषि यान्त्रिकरणलाई प्राथमिकता दिइनेछ ।

६. सिचाईलाई व्यवस्थित गर्न भै. लु. भु. ज. तथा अन्य योजना अन्तर्गतका सिचाई नहरलाई मर्मत गरी थप व्यवस्थित गरिनेछ ।

७. गाउँपालिकामा संचालित हाटबजारहरूको उचित अनुगमन तथा मुल्याङ्कन गरी स्तर उन्नती गरिनेछ ।

८. विभिन्न वालीहरूको उत्पादन बढाउन मौसम अनुसार ५०% अनुदानमा विभिन्न खाध्यान्न, तरकारी, दलहन तथा तेलहन वालीको उन्नत विउहरू वितरण गरिनेछ ।

९. कृषकलाई नयाँ नयाँ प्रविधिहरूको जानकारीको लागि अन्तर स्थानीय तह कृषक अवलोकन भम्रण कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१०. कृषिमा उत्पादन लागत कम गर्न चक्लाबन्दी कार्यक्रम प्राथमिकताका आधारमा अगाडि बढाइनेछ ।

११. कृषक दर्ता तथा तथ्याङ्क अध्यावधिक कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१२. कृषकको चाहना अनुसार कृषकको मागमा आधारित कृषि कार्यक्रम संचालन गरिनेछ ।

१३. कृषकहरूको समस्या समाधान तथा नयाँ प्रबिधि बारे जानकारीको लागि कृषकको मागमा आधारित तालिम संचालन गरिनेछ ।

१४. तरकारी विषादी न्यूनीकरण गर्न कार्ययोजना बनाई कार्यक्रम संचालन गरिनेछ ।

१५. एक किसान एक उत्पादनको अभियान सञ्चालन गर्दै व्यवसायिक तरकारी, फलफुल, मौरी तथा च्याउ खेतीमा प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।

१६. कृषि व्यवसायलाई प्रतिष्पर्धी बनाउन कृषि मेला प्रदर्शनी संचालन गरिनेछ ।

१७. कृषि क्षेत्रलाई यस गाउँपालिकाको आर्थिक मेरुदन्डका रुपमा रहेकोले कृषि क्षेत्र अन्तरगतका उपक्षेत्रहरूमा विभिन्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. कृषिलाई पर्यटन शिक्षासंग आवद्ध गरी कार्यक्रमहरू तयार पारिनेछ ।

१९. कृषि प्राविधिक सेवालाई थप विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

## ख. पशुपंक्षी विकासतर्फ

१. शद्धोधन गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपन्छी पालक कृषकलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

२. पशुबाट मानिसमा सर्ने रोगहरू फैलिन नदिन सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३. घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत कम गर्न **"घाँस विकास"** कार्यक्रमलाई जोड दिइनेछ ।

४. यस गाउँपालिका भर कृषकले पालन गर्दै आएका सबै पशुहरूमा खोपकार्यक्रम संचालन गरी **"पूर्ण पशु खोप यूक्त"** गाउँपालिका बनाउन कार्यक्रम संचालन गरिनेछ ।

५. किसानलाई व्यवसायिक बनाउन तालिम कार्यक्रम संचालन गरिनेछ ।

६. पशु स्वास्थ्य, बाँझोपना न्यूनीकरण तथा रेविजरोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

७. पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

८. **"समृद्ध शुद्धोधन; कृषि उत्पादन र पशुधन"** भन्ने मूल नारा तय गरी कृषि तथा पशुपालन क्षेत्रमा लगानी वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

९. कृषि र शिक्षालाई अन्तरसम्बन्धित बनाउनका लागि **"सिक्दै वा पढ्दै कमाउँदै"** कार्यक्रमको तय गरी कृषि तथा पशुपालन गर्ने युवाहरूलाई प्रोसाहन गर्ने नीति लिईनेछ ।

१०. उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई क्रमशः लागू गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

११. पशु सेवाका प्राविधिकहरूलाई क्रमशः वडा वडामा पठाई कार्यक्रम संचालन गरिनेछ ।

१२. पशु उत्पादनको बजार व्यवस्था मिलाउन कार्यक्रम संचालन गरिनेछ ।

१३. पशुपंक्षी पालन कार्यक्रमलाई व्यवस्थित बनाउन अनुदानका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१४. रेविज रोग नियन्त्रण गर्न सामुदायिक कुकुरलाई बन्ध्याकरण तथा खोप कार्यक्रम संचालन गरिनेछ ।

१५. मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१६. दुध, अन्डा, माछा मासुका व्यवसायीहरूलाई उत्पादनका आधारमा थप प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

## ग. सहकारी विकासतर्फ

१. उद्योग, व्यापार, पर्यटन, कृषिलाई गाउँपालिकाको प्रमुख आर्थिक विकासको आधारको रुपमा लिइ सोही अनुसार विकास गर्दै लगिनेछ ।

२. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहकार्य मार्फत स्थानीय स्रोत साधनको समुचित प्रयोग तथा परिचालन गरी दिगो स्थानीय आर्थिक विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३. सहकारी संस्थाबाट युवा उद्यमी तथा स्वरोजगारहरूलाई सहुलियत कर्जा उपलब्ध गराउने नीति लिइनेछ । यसका लागि सहकारी संस्थालाई थोक कर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

४. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई सहकारीको गुणात्मक सुधारका लागि सहकारी संस्थाहरूको एकीकरण कार्यलाई जोड दिइनेछ ।

५. गाउँपालिका क्षेत्रका सहकारीद्वारा तरकारी तथा फलफूल विकास कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

६. उद्यम विकासको लागि गाउँपालिका क्षेत्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा उपलब्ध गराई सहकारीमार्फत फलफुल खेती, पुष्पखेती, बहुवर्षीय बाली तथा नर्सरी प्रवर्द्धन कार्यक्रममा जोड दिइनेछ ।

७. सहकारी शिक्षा तथा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरी उत्पादनमूलक तथा श्रममा आधारित सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि तालिम तथा अध्ययन अवलोकन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सहकारी संस्थाहरूको नियमित तथा सघन अनुगमनबाट संस्थागत सुशासन कायम गर्दै संचालनमा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गरिनेछ ।

९. सहकारी सम्बन्धी स्थानीय तथ्याङ्कलाई व्यवस्थित गरी व्यवस्थापन, अध्ययन, अनुसन्धान र विश्लेषण गरिनेछ । साथै सोको आधारमा सहकारी सम्बन्धी आवश्यक कानूनको तर्जुमा तथा प्रारम्भिक संस्थाका

लागि नमुना कानून तर्जुमा गरी तिनको कार्यान्वयन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१०. सहकारी प्रणालीलाई उद्यमशीलता विकास तथा कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्यक्रम सञ्चालन गरिनेछ । सहकारीका कार्यक्षेत्राधिकार अनुसार फर्म स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ ।

११. संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय सहकारी अभियान तथा जिल्ला सहकारी सँघको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिदेछ ।

१२. सहकारीमार्फत उद्यमशीलता विकासका लागि युवाहरूलाई सहकारीमा आवद्ध गराई स्वरोजगारमूलक उद्यमशीलता प्रवर्द्धन तालिम प्रदान गरिनेछ ।

१३. सहकारी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरण कार्यक्रम मार्फत नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिइनेछ ।

१४. गाउँपालिका क्षेत्राधिकार भित्र संचालनमा रहेका सहकारी संस्थाहरू मध्ये उत्कृष्ठ कार्य गर्ने संस्थालाई पुरस्कृत गरिनेछ ।

## घ. लघुउधम विकास कार्यक्रमतर्फ

१. लघुउद्यम विकास कार्यक्रमलाई प्राथमिकतामा राखी उद्यम विकासका माध्यमबाट आर्थिक उपार्जन गरी समग्र पालिकाको आर्थिक विकासमा टेवा पुग्ने मूल नीति लिइनेछ ।

२. गरिबीको रेखामुनी रहेका, महिला, दलित, मुस्लिम, थारु, सिमान्तकृत, पिछडा वर्ग, बेरोजगार व्यक्ति, अपाङ्गगता भएका व्यक्ति र अति गरिबलाई लघु उद्यम विकास कार्यक्रमा प्राथमिकता दिइनेछ ।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गरिनेछ ।

४. घरधुरी सर्वेक्षण फारम 'ए' र बेरोजगार वा सम्भावित उद्यमीहरूका लागि फारम 'बी' बमोजिम लक्षित वर्ग पहिचान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

५. लक्षित वर्गलाई उद्यमशीलता विकास तालिममार्फत सिप विकास तालिम प्रदान गरिनेछ ।

६. युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरूलाई उद्यम व्यवसाय शुरु गर्न सीप विकास तालिममार्फत प्रोत्साहन गरिनेछ ।

७. रोजगार सेवा केन्द्रसँग समन्वय गरी सुचीकृत बेरोजगार व्यक्तिहरूलाई उद्यमशीलताद्धारा सीपमूलक तालिम प्रदान गरिनेछ ।

८. अपाङ्गगता भएका व्यक्तिहरूको लागि आय आर्जनमा वृद्धि गर्नका लगि सीप विकास तालिम सन्चालन गरिनेछ ।

९. एकल महिलाहरूलाई उद्यमशीलता मार्फत सीपमूलक तालिम प्रदान गरिनेछ ।

१०. तालिम प्राप्त भएका उद्यमीहरूको व्यवसाय वा लघु उद्यमको अनुगमन मुल्याङ्कन गरि आवश्यकता अनुरुप एड्भान्स तालिम प्रदान गरिनेछ ।

११. उद्यमीहरूको सम्पूर्ण विवरण वा तथ्याङ्कहरू जेसी एम्आइस् (GESI MIS) मा अद्यावधिक गरी सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२. उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीको आधारमा प्रविधि उपलब्ध गराइनेछ

१३. उत्कृष्ट उद्यमीहरूलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१४. लघु उद्यमीहरूलाई वित्तीय साक्षरता, लघु वित्तमा पहुँच तथा बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

१५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

## ङ. स्थानीय विकास कोषतर्फ

१. गाउँपालिकाका प्रत्येक वडामा एक महिला उद्यम केन्द्र स्थापना नीति लिइनेछ ।

२. विपन्न वर्ग तथा समुदायका महिलाहरूको आर्थिक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. पिछडिएका वर्ग र समुदायलाई ब्यवसायिक कृषि र लघु उद्यममा विशेष प्राथमिक्ता दिइनेछ ।

४. शुद्धोधन पार्कमा प्रत्येक वडाका महिला तथा पुरुष उद्यमीहरूबाट उत्पादित वस्तु भण्डारण/बजारीकरणका लागि स्टल निर्माणको ब्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्रका वडामा रहेका संस्था/समुहद्वारा तरकारी तथा फलफुल विकास कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

६. सामाजिक परिचालन गाउँ बिकास कार्यक्रम अन्तर्गत वडाहरूमा रहेका लक्षित महिला तथा पुरूष समुह/संस्थाका सदस्यहरूको क्षमता अभिबृद्धिका लागि तालिम तथा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. सामाजिक परिचालन कार्यक्रम अन्तर्गत वडाहरूमा गठन भएका लक्षित महिला तथा पुरुष समुहहरूमा घुम्तिकोष परिचालन गरिनेछ ।

८. गाउँ विकास कार्यक्रम सामुदायिक संस्थाका सदस्यहरूको बाचापत्र कार्यान्वयनका लागि बिशेष प्राथमिकता दिइनेछ ।

९. सामाजिक परिचालन गाउँ विकास कार्यक्रम समुह/ संस्थाका युवा उद्यमी तथा स्वरोजगारहरूलाई सहुलियत कर्जा उपलब्ध गराउने नीति लिइनेछ । यसका लागि वडास्तरीय सामुदायिक विकास कोष स्थापना गरी कोषलाई थोक कर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

## च. प्रधानमन्त्री रोजागर कार्यक्रमतर्फ

१. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ । पालिकास्तरीय योजनाहरूमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूलाई प्राथमिकतामा राखिनेछ ।

२. यस पालिकामा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माणसँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

३. आ.व. २०८१/०८२ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पूर्वाधारको समेत विकास गरिनेछ ।

४. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरूको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

५. वैदेशिक रोजगारी सम्बन्धी आवश्यक परामर्श, श्रम स्वीकृत, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी सहजीकरण गर्ने कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।

६. स्थानीय स्तरमा रोजगारीलाई व्यवस्थित बनाउन रोजगार संवाद मञ्चको संचालन तथा रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन गरिनेछ ।

७. वडा तथा पालिकास्तरीय आयोजनाहरूमा सूचिकृत बेरोजगारहरूलाई उचित काममा लगाउने रणनीति अबलम्बन गरिनेछ ।

८. कुनै पनि काम ठूलो या सानो हुँदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने धारणाको विकास गराउन श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।

९. रोजगारदाताहरूको विवरण सूचिकृत गरेर पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ । आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिइनेछ ।

१०. वैदेशिक रोजगारीबाट फर्किएकालाई पुनः एकीकरण गरी उनीहरूको सीप र क्षमताको स्थानीय स्तरमै सदुपयोग गर्ने वातावरण सृजना गरिनेछ ।

११. उद्यम विकास तथा कृषि शाखासँग समन्वय र सहकार्य गर्दै सूचिकृत बेरोजगार व्यक्तिहरू तथा वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई आवश्यक सिपमूलक तालिम प्रदान गर्ने कार्य गरिनेछ ।

१२. बालश्रम निवारण सम्बन्धमा सुसूचित गर्ने कार्य गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरू,**

## २. सामाजिक विकास समिति

### क. शिक्षा, युवा तथा खेलकुदतर्फ

१. **“गुणस्तरीय शिक्षा शुद्धोधनको प्रतिबद्धता”** भन्ने मूल नारा सहित गुणस्तरीय शिक्षाका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विषय विज्ञ समेतको सहभागितामा विद्यालय अनुगमन गरी शिक्षण सिकाई कार्य थप प्रभावकारी बनाइनेछ ।

२. सामुदायिक विद्यालयका शिक्षकहरूलाई सूचना तथा संचार प्रविधि सम्बन्धि तालिम दिइ क्रमशः सबै कक्षा कोठामा प्रविधिमैत्री वातावरण सृजना गरिनेछ ।

३. सामुदायिक विद्यालयमा आवश्यक न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन गरी एक कक्षाकोठा एक शिक्षक कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ ।

४. सामुदायिक, संस्थागत तथा धार्मिक विधालयमा स्थानीय विषयको पाठ्यपुस्तकको छपाई एवं प्रयोगमा निरन्तरता दिइनेछ ।

५. विद्यालयमा नियमित उपस्थित नहुने, कक्षा दोहोराउने एवं विद्यालय छाड्ने जस्ता शैक्षिक क्षति न्यूनिकरण गर्नुका साथै लागू पदार्थ तथा दुर्व्यसन मुक्त गाउँपालिका बनाउन शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. बाल बालिकामा अन्तर निहित क्षमताको प्रष्फुटन गराई प्रतिभाको खोजी गरी थप प्रोसाहन गर्नको लागि गाउँपालिकास्तरमा बिभिन्न बिधामा अतिरिक्त क्रियाकलाप र शुद्धोधन शैक्षिक तथा खेल महोत्सब संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकास्तरीय शैक्षिक नीति तथा योजना निर्माण गरी क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

८. निश्चित मापदण्डका आधारमा आफ्नो विषयमा उत्कृष्ट नतिजा दिने शिक्षकको मनोबल बृद्धि गर्न नतिजामा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

९. अन्य क्षेत्रका नमुना विद्यालयहरूले गरेका शिक्षण सिकाइका असल अभ्यास अवलोकन गरी त्यसका राम्रा पक्षको अनुसरण गर्दै सामुदायिक विद्यालयको शैक्षिक क्रियाकलाप तथा सिकाई प्रकृयामा सुधार गर्दै लगिनेछ ।

१०. विद्यालयको समग्र शैक्षिक उपलब्धि र विषयगत सिकाई उपलब्धि बृद्धि गर्ने सम्बन्धमा सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले गाउँपालिका अध्यक्षसँग र सबै विषयगत शिक्षकहरूले प्रधानाध्यापकसँग कार्य सम्पादन करार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. लागत साझेदारीका आधारमा विद्यालयले पेश गरेका प्रस्तावना बमोजिम एक शिक्षक एक ल्यापटप कार्यक्रम क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१२. विद्यालय शान्ति क्षेत्र कार्यान्वयनमा ल्याई विद्यालय सञ्चालनमा प्रभाव पार्ने सबै प्रकारका बन्द हड्तालको अन्त्य गरिनेछ ।

१३. संस्थागत विद्यालयहरूले कम्तिमा दुई शैक्षिक सत्रसम्म विद्यार्थीसग लिने शुल्क र एउटै प्रकाशनको पाठ्यपुस्तक यथावत रुपमा लागु गराइनेछ । साथै आवश्यक कार्यविधि निर्माण गरी नियमन गरिनेछ ।

१४. सामुदायिक सिकाई केन्द्रहरूबाट संचालन हुँदै आएका सीपमूलक र आयमूलक तालिमलाई ब्यबस्थित गर्दै सम्बन्धित सरोकारवाला संस्थाहररूसँगको समन्वयमा सञ्चालन गरिनेछ ।

१५. यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर सुधार गरी प्रभावकारी रूपमा संचालन एवं व्यवस्थापन गर्न विश्वविद्यालय अनुदान आयोग र प्रदेश मन्त्रालयसंग आवश्यक समन्वय गरिनेछ ।

१६. विद्यार्थी संख्या न्यून भई शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयहरूलाई समायोजन गरी विग स्कूल (BIG SCHOOL) अवधारणालाई क्रमशm कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. हरित विधालय कार्यक्रमलाइ प्रोत्साहित गरिनेछ ।

१८. विद्यार्थीहरूमा सामाजिक उत्तरदायित्व तथा अनुशासन कायम राख्न आधारभूत स्काउट तालिम सञ्चालन गरिनेछ ।

१९. गाउँपालिकास्तरमा एउटा सामुदायिक विद्यालयलाई गाउँपालिका र विद्यालयको साझेदारीमा नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

२०. राज्यस्रोतबाट तलब भत्ता खाने, सुबिधा लिने गाउँपालिका क्षेत्रभित्रका निजामती कर्मचारी, जनप्रतिनिधि, शिक्षक तथा विद्यालय कर्मचारीका सन्ततीहरूलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहित गरिनेछ ।

२१. गैर सरकारी संस्थाहरूबाट शिक्षा क्षेत्रमा साझेदारी गरिनेछ ।

२२. संस्थागत विद्यालयहरूबाट सामाजिक उत्तरदायित्व अन्तरगत कुल विद्यार्थी संख्याको न्यूनतम १० प्रतिशत विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाइनेछ ।

२३. युवा तथा खेलकुद विकासका लागि समयानुकुल खेलकुद कार्यक्रम व्यवस्थित गर्दै लगिनेछ ।

२४. हाल सञ्चालनमा रहेका सबै वडाका खेलकुद संरचनाहरूको विकास तथा विस्तार गरिनेछ ।

२५. खेलकुद क्षेत्रको विकासका लागि खेलाडीहरूलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउदै स्थानीय युवा परिषद गठन गरिनेछ ।

२६. खेलकुदमा विद्यालय तहका बालबालिकाहरूको पहुँचमा विस्तार गरिनेछ ।

२७. गाउँपालिकाबाट प्रतिनिधित्व गर्दै बिभिन्न खेलमा सहभागी भै उत्कृष्ट खेलाडीहरूलाई उचित सम्मान गरिनेछ ।

२८. स्थानीय युवाहरूको नेतृत्व सक्षमता विकास संगै उधमशील बनाई व्यवसायिक क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ ।

२९. शिक्षालाई सिपसँग, सीपलाई रोजागरीसँग र रोजगारीलाई आयसँग आवद्ध गरी शिक्षित बेरोजगार अन्त्य गर्ने नीति लिइनेछ ।

३०. युवामैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सूचक पूरा गरी कार्यान्वयन गर्ने  नीति लिइनेछ ।

३१. लागू औषद, दुर्व्यसनी तथा सडक  सुरक्षाका विषयमा जनचेतना अभिवृद्धिक लागि **स्थानीय तह-प्रहरी विध्यालय सम्पर्क कार्यक्रम** संचालन गरिनेछ ।

## ख. महिला, बालबालिका तथा जेष्ठ नागरिकतर्फ

१. बालबालिका, किशोर किशोरी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न कार्यक्रममार्फत क्षमता विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका व्यक्ति तथा समुदायहरूलाई विभिन्न किसिमका सिपमूल र उत्पादन मुलक कार्यक्रम मार्फत स्वरोजार प्रवर्धन गर्दै विकासको मूलप्रवाहमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

३. लैंङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूलाई सशक्तीकरण गरी राज्यको विकासको मूलप्रवाहमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

४. ज्येष्ठ नागरिकहरूका लागि फुर्सदको समयमा एक ठाउँमा भेला भई मनोरञ्जन गर्ने भजनकीर्तन लगायत स्थानीय परम्परा र संस्कृतिसँग मिल्ने खालका क्रियाकलाप तथा अनुभव आदानप्रदान गर्नको लागि अभिप्रेरित गरी धार्मिक संरक्षण तथा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. मानव सेवा आश्रम, ज्येष्ठ नागरिक सेवा केन्द्र जस्ता स्थलको निर्माण एवम् मानवीय कल्याणका लागि विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. बाल विवाह, दाइजो प्रथा, लागू पदार्थ दुर्व्यसनी विरुद्धको सचेतना अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. बालबिवाह मुक्त पालिका, बालबालिका मैत्री पालिका आदि अभियानहरूलाई व्यवस्थित तरिकाले संचालन गरिदै लगिनेछ ।

८. केन्द्रीय सरकारको सुविधाभित्र नपरेका आर्थिक, सामाजिक तथा शारीरिक रुपमा विपन्न "ग" वर्गका अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्तामार्फत जीवनयापनमा सहजता ल्याउने नीति लिइनेछ ।

## ग. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणतर्फ

१. सामाजिक सुरक्षा भत्ता नविकरणका लागि जेष्ठ नागरिक तथा अति अशक्त बालवालिकाहरू वडा कार्यालयमा लाभग्राही उपस्थित हुन असहज भएका कारण सा.सु. नविकरण घुम्ती शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२. ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउनका लागि कार्यालयका सम्पूर्ण टोल विकास संस्थाहरू/वडा तथा विद्यालयहरूमा जनचेतनामूलक कार्यक्रम गराइनेछ ।

३. सा.सु. भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको परिचय पत्र दिइने व्यस्था अनलाइन प्रणालीबाट मुद्रण गरि बाँकी रहेका वडाहरूमा वितरण गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता नयाँ तथा पुराना दर्ता गर्ने लाभग्राहीहरूको प्रमाणीत कागजातहरू प्रविस्ट गरि लाभग्राहीहरूलाई वडा कार्यालयबाट नै फोटो खिच्ने तथा कागजात निश्चित गर्नका लागि डिभाइसको ब्यवस्था गरि सुरक्षित राख्न आवश्यक उपकरण सम्पूर्ण वडामा ब्यस्था गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रणालीमा सम्पूर्ण वडाका जनप्रतिनिधि, वडा सचिव तथा कम्प्युटर अपरेटरहरूलाई अभिमुखीकरण कार्यक्रम संचालन गराइनेछ ।

६. व्यक्तिगत घटना दर्ता सप्ताह विद्यालहरू लगायतमा गई रचनात्मक कार्यक्रम संचालन गरिनेछ ।

## घ. जनस्वास्थ्य तथा पोषणतर्फ

१. गाउँपलिकाभित्र रहेका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकारलाई सुनिश्चित गरिनेछ ।

२. आकस्मिक स्वास्थ्य सेवालाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउंदै स्वास्थ्यको संम्बर्धन तथा रक्षाका लगि स्वास्थ्यतर्फका कर्मचारीहरूलाई अझ बढी जिम्मेवार तथा उत्तरदायी बनाइनेछ ।

३. वालवालिकाहरूको शारीरिक तथा मानसिक विकासमा प्रत्यक्ष असर पार्ने कुपोषणको समस्यालाई समाधान गर्न पञ्चवर्षीय योजना बनाई लागू गरिनेछ ।

४. शुन्य होम डेलिभरी अभियान कार्यक्रमलाई निरन्तरता दिदै यस आ.व. भित्र बाँकी रहेका वडाहरूलाई समेत शुन्य होम डेलिभरी वडा घोषणा गरि सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन समुदायको संलग्नता सुनिश्चित गरिनेछ ।

५. स्वास्थ्य विमा कार्यक्रमलाई थप ब्यवस्थित र प्रभावकारी बनाई सेवाको सन्तुष्टिको दर र दायरालाई वढाईनेछ ।

६. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरूलाई घरदैलो स्वास्थ्य सेवामार्फत उनीहरूको  सम्मानपूर्वक बाच्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ ।

७. अपाङ्ग, अशक्त तथा अति गरिवहरूलाई लक्षित गरि नेपाल रेडक्रस सोसाईटी तथा लुम्बिनी रणअम्बिका आँखा अस्पतालसँग गरिएको संझौतालाई यस आ.व. मा समेत निरन्तरता दिईनेछ ।

८. मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमार्फत संचालन हुँदै आएको भिडियो एक्स रे सेवा, एक्स रे सेवा तथा रेविज रोग विरूद्दको खोपलाई अझ वढी प्रभावकारी बनाउदै सेवामा थप गुणस्तरीयता कायम गर्दै लगिनेछ साथै स्वास्थ्य संस्थाहरुमा तालिम प्राप्त नर्सिंग कर्मचारीद्वारा महिनाको १ पटक निशुल्क भिडियो एक्सरे सेवा संचालन गरिनेछ ।

९. जोखिममा रहेको जनसंख्या जस्तै एच.आई.भि. एड्स लागेका, यौन रोग लागेका, सिकलसेल एनिमियाका विरामीहरू, कालाजार रोग तथा कुष्ठरोगको कारणले अंगभंग भएका ब्यक्तिहरूलाई प्रत्यक्ष रुपमा सहयोग हुनेगरी विशेष कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।

१०. स्वास्थ्यको क्षेत्रमा अति नै महत्वका साथ हेरिएको क्षयरोगमुक्त पालिका नीति अभियानलाई सफल पार्न राजनितिक प्रतिवद्दतालाई कायम राख्दै समुदायको संलग्नतालाई उच्च प्राथिमकतामा राखि कार्यक्रम संञ्चालन गरिनेछ ।

११. महिलाहरूमा देखिने पाठेघरको मुखको क्यान्सर रोगथामको लागि निरन्तर रूपमा खोजपडतालका कार्यक्रमहरू संचालन गर्ने जनशक्तिहरूलाई सोही अनुरूप परिचालन गर्दै लगिनेछ ।

१२. स्वास्थ्य संस्थाको गुणस्तर लेखाजोखा, सेवा प्रवाहको नियमन तथा सुशासन कायम गराउंने मुख्य भूमिकाको रुपमा रहेको स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको कार्यदक्षतामा सुधार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

१३. स्वास्थ्यका सूचकहरू कमजोर रहेका स्वास्थ्य संस्थाहरू पहिचान गरि सामुदायिक स्वास्थ्य प्राप्तांक बोर्ड (HSB) कार्यक्रम मार्फत ब्यवस्थापक, सेवा प्रदायक तथा सेवाग्राहीको सहभागितामा रचनात्मक छलफल एवं संवाद मार्फत गुणस्तरीय स्वास्थ्य सेवालाई प्रर्वर्धन गर्ने नीति लिइनेछ ।

१४. महिला स्वास्थ्य स्वयसेविकाहरूलाई स्वास्थ्य सेवा प्रदायको मुख्य मेरुदण्डको रुपमा स्वीकार गर्दै समयअनुसार कार्यदक्षता र सेवा प्रवाहमा गुणस्तरीयता वृद्धि गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

## ञ. आयुर्वेद चिकित्सातर्फ़

१. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा तथा अन्य वैकल्पिक चिकित्सालाई प्रवर्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

२. गाउँपालिका भित्रका सम्पूर्णमा वडाहरूमा आयुर्वेद स्वास्थ्य सेवालाई गाउँघर क्लिनिक मार्फत क्रमसः विस्तार गर्दै लगिनेछ ।

३. आयुर्वेद स्वास्थ्य सेवालाई जनमुखी प्रभावकारी र सर्वशुलभ बनाउन आयुर्वेद प्राविधिक जनशक्ति थप गरिनेछ ।

४. नसर्ने रोग व्यबस्थापनका लागि आयुर्वेद तथा योग चिकित्सा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा वडा स्तरमा नै कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आयुर्वेद बहुमुल्य औषधिजन्य जडिबुटीहरूको पहिचान, संरक्षण र प्रवर्धन गर्ने नीति लिई आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।

६. आयुर्वेद तथा योग चिकित्सालाई सबै नागरिकहरू बिचमा विश्वसनीय र प्रभावकारी बनाउन विद्यालय तथा समुदाय स्तरमा नै आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

७. आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी विषयलाई आम जनमानसमा पुराउने कार्यक्रम तह गरिनेछ ।

८. कार्यालय तथा विधालय परिसरमा बिभिन्न खालका जडिबुटी जन्य विरुवाहरू रोपण, संरक्षण र उपयोग गर्ने नीति लिइनेछ ।

९. जनता, जनप्रतिनिधि र कर्मचारीहरूलाई विकास र सेवा प्रवाहमा सकारात्मक सोचको आम वृद्धिका लागि योग, ध्यान, आयुर्वेद प्राकृतिक चिकित्सा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

१०. आयुर्वेद चिकित्सा सेवालाई गाउँ घर क्लिनिक मार्फत वडा नं. ३ र ४ मा संचलान गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरू,**

# ३. भौतिक पूर्वाधार विकास समिति

## क. सडक, पुल तथा पूर्वाधार निर्माणतर्फ

१. शुद्धोधन रिङ्गरोड निर्माण गाउँपालिकाको एक महत्वपूर्ण योजनाको रुपमा चिनाउने र निर्माण कार्यको थालनी क्रमशः गरिनेछ ।

२. पुराना जीर्ण भवनहरू साथै स्वास्थ्य संस्था मर्मत तथा रंगरोगन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३. गाउँपालिकाको मुख्य सडकमा सडकबत्ती जडान गर्ने कार्य, चोक चोक मा हाई मास लाइट (Hi-mast Light) क्रमशः जडान गरिनेछ ।

४. सडक, पूर्वाधार तथा विकास निर्माणका काममा पारदर्शिता ल्याउन **१५ लाख भन्दा माथिका** सम्पूर्ण निर्माण कार्य विद्युतीय बोलपत्र/दारभाउपत्र (E-Bidding) मार्फत गरिनेछ ।

५. गाउँपालिकाको भु-उपयोग नीति र योजना निर्माण गरी लागू गरिनेछ ।

६. टुक्रे योजनालाई निरुत्साहित गर्दै प्रत्येक वडामा एउटा २५ लाखसम्मको वडाको गौरवको योजना निर्माण गर्ने र गाउँपालिका स्तरीय ५० लाखसम्मको पालिकाको गौरवको योजना निर्माण गरिनेछ ।

७. गाउँपालिका र वडाका बिभिन्न सडक ग्राभेलिङ्ग योजनालाई प्याक्जिंग गरी ठेक्का प्रक्रियाबाट गर्ने व्यवस्था मिलाइनेछ ।

८. गाउँपलिका सभाहल लगायतका निर्माणाधीन संरचनाको निर्माणकार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

९. सडक स्तरोन्नती कोष स्थापना गरी जीर्ण सडकहरू मर्मत संभारको व्यवस्था गरिनेछ ।

१०. १५ सैयाको मोतिपुर अस्पताल निर्माण सम्पन्न गरी संचालनमा ल्याउन आवश्यक पर्ने उपकरण र जनशक्ति व्यवस्थापन गरिनेछ ।

११. वडा न. ६ को वडा कार्यालय र स्वास्थ्य चौकी निर्माण गरिनेछ । वडा नं. १ को कार्यालय र वडा नं. ३ को स्वास्थ्य चौकी संचालनमा ल्याइनेछ ।

१२. गाउँपालिका भित्र आवश्यक पर्ने ठाउँमा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३. उपोभक्ता समिति गठन र परिचालन गर्ने कार्य तोकिएको समयमै गरी सम्पूर्ण सम्झौताहरू पुस मसान्तसम्ममा सक्ने लक्ष्य राख्दै पुँजीगत खर्च बढाई दिगो विकासतर्फ अग्रसर गराइनेछ ।

१४. उपोभक्ता समितिलाई दिने तालिमका साथ साथै सिकर्मी र डकर्मी तालिम, प्राविधिकलाई समेत विभिन्न क्षमता अभिबृद्धि/पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ ।

१५. **"फराकिलो सडक, विकासको पूर्वाधार"** नारालाई आत्मसाथ गर्दै गाउँपालिकाको सडक गुरुयोजना अनुसार सडकनिर्माण लाई प्राथमिकताको आधारमा बजेट विनियोजन गर्नुकासाथै मुख्य सडकलाई चौडागरी स्तरोन्नोती गर्दै आस्फाल्ट पेभमेन्ट (ASPHALT PAVEMENT) सहितको कालोपत्रे गर्ने व्यवस्था गरिनेछ ।

१६. खानेपानी, सरसफाई र फोहोर ब्यबस्थापनका लागि गाउँपालिकाको वाश प्लान बनाई सोही अनुसारको पूर्वाधार व्यवस्थापन गरिनेछ ।

१७. योजनाबद्ध विकासका लागि गाउँपालिकाको आवधिक योजनाको पूर्ण पालना गरी सोही अनुसारको पूर्वाधार विकासको योजना निर्माण गरिनेछ ।

१८. भारीयन्त्र प्रयोग हुने तथा जटिल प्रकृतिको योजनाहरू ठेक्का प्रक्रियाबाट मात्र गरिनेछ ।

१९. बुद्धसर्किट वेलवास बेथरी सडकमा स्ट्रीट लाइट जडान गर्ने र सडक सौन्दर्यीकरण गरिनेछ ।

२०. यस गाउँपालिकाको नामकरण गरिएको सिद्धार्थ गौतमबुद्धका पिता राजा शुद्धोधनको सम्बन्ध यस गाउँपालिकामा रहेकोले शुद्धोधनसँग सम्बन्धित

पहिचानका विषय झल्कने स्थलको निर्माण गर्ने कार्यको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

## ख. योजना तथा अनुगमनतर्फ

१. गाउँपालिकाको समग्र विकासलाई सन्तुलित, दिगो, तथा समावेशी बनाउँदै वार्षिक योजना सँगसँगै मध्यमकालीन खर्च संरचना अध्यावधिक गरिनेछ ।

२. वार्षिक योजना तथा कार्यक्रमहरू समयमै सम्पन्न गर्न बार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. उपभोक्ता समितिबाट संचालन हुने योजनामा लागत सहभागितालाई व्यवहारिक र अनिवार्य बनाइनेछ ।

४. योजनाको अनुगमनलाई कडाई गरिनेछ । विगत र चालु आ.ब.मा संचालित र सम्पन्न योजनाको वर्तमान अवस्था आङ्कलन गरी उपभोक्ता समितिलाई उक्त योजनाको संरक्षण र संबर्द्धनमा जिम्मेवार बनाइनेछ ।

५. सडकको खाल्डाखुल्डी पुर्ने एवम् ग्राबेलिङका कामहरू एकमुष्ठ रुपमा नियमानुसार गरी गुणस्तरीय सडक निर्माणका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।साथै साझेदारीमा सुरक्षित र दिगो सडक निर्माणमा जोड दिईनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र संघीय तथा प्रदेश सरकारबाट संचालित योजना पूर्वाधार विकासका आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न सम्बन्धित पक्षलाई जिम्मेवार बनाइनेछ । साथै थप योजनाका लागि निरन्तर संवाद र सहकार्य गरिनेछ ।

७. सडक कालो पत्रे निर्माण गर्दा आवश्यकता अनुसार सँगसँगै नाली निर्माणको व्वस्था मिलाइनेछ ।

## ग. भवन तथा बस्ति विकासतर्फ

१. नक्सापास र नियमित गर्ने कार्यलाई निरन्तरता दिई थप कडाईका साथ नियमन गरिनेछ ।

२. व्यवसाय दर्ता भएका ठेकेदारले मात्र गाउँपालिका भित्र भवननिर्माण कार्य गर्न पाउने नीति अपनाईने छ ।

३. व्यवसाय दर्ता भएका ठेकेदारलाई गाउँपालिकाबाट तालिम दिई योग्यताको प्रमाण पत्र वितरण गरी निर्माण क्षेत्रमा लाग्ने/लगाउने नीति अपनाइने छ ।

४. पाइलट प्रोजेक्टको रुपमा जी.आइ.एस. (GIS) प्रयोग गरी गाउँपालिकाको वडा नं ४ को सडकहरूको चौडाई मापन गरी डाटावेश (database) बनाइने छ र मेट्रिक सिस्टममा घर नम्बरिङ्ग प्रक्रियामा जाने बारे सम्भाव्यता अध्ययन गरिनेछ ।

५. अपाङ्ग मैत्री पुर्वाधार निर्माणको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

६. खाली सार्वजनिक क्षेत्रहरूको अध्ययन अनुगमन गरी सहरी सौन्दर्यीकरण तथा बगैचा निर्माण एवं फिटनेस् पार्कको निर्माण सम्बन्धी नीति बनाइनेछ ।

७. बजार क्षेत्रका साँघुरा सडकहरूमा नाली कभर राखी चौडाई बढाई पार्किङ्गलाई सहज हुने व्यवस्था गरिनेछ र मुख्य सडकमा रोड मार्किङ्ग गरिनेछ ।

८. आवश्यकता र सम्भावनाका आधारमा एकीकृत बस्तीको विकास र विस्तार गर्दै जाने नीति लिइनेछ ।

९. वडा नं. ३ अन्तर्गत तिनाउ नदि किनार बेतही भाटामा २०२२ सालदेखि बसोबास गर्दै आएका वासिन्दाको भोगाधिकारको क्षेत्र २०७२ सालमा बालाजु औधोगिक क्षेत्रको नाममा जग्गाधनि पूर्जा बनेको पाइएकोले उक्त जग्गाधनि पूर्जा खारेज गरि पूर्ववत उपभोग गर्दै आएका वासिन्दाहरूकै नाममा जग्गाधनि पूर्जा कायम गराउनका लागि सम्बन्धित निकायहरूसंग आवश्यक समन्वय र सहजीकरण गरिनेछ |

## घ. सूचना तथा सञ्चार प्रविधितर्फ

१. सूचना तथा सञ्चार प्रविधिलाई विकास र सेवा प्रवाहमा प्राथमिकता दिँदै गाउँपालिका तथा मातहतका सरकारी कार्यालयहरूबाट प्रवाह हुने सार्वजनिक सेवालाई छिटो, छरितो, प्रविधियुक्त र सेवाग्राहीमैत्री बनाउन एकीकृत सफ्टवेयर तथा आवश्यक उपकरण खरिद, जडान तथा संचालन गरिनेछ ।

२. वडा तथा गाउँ कार्यपालिकाको कार्यालयबाट जारी गरिने सिफारिसहरू नागरिकहरूले अनलाइन मार्फत घरबाटै आवेदन दिने कार्यलाई थप व्यवस्था मिलाइनेछ ।

३. केन्द्रीकृत सिस्टम र फाइल सर्भर (Centralized System & File Server) को क्रमशः व्यवस्थापन गर्ने नीति लिइनेछ । साथै गाउँपालिका र अन्तर्गतका कार्यालयहरूको कार्यसम्पादनलाई विद्युतीय माध्यमबाट सञ्चालन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ ।

४. आर्टिफिसियल इन्टिलिजेन्ट (AI) मा आधारित च्याट बक्स (Chatbot)मार्फत नागरिकहरूको गुनासो तथा सेवा सम्बन्धी जानकारी दिने प्रविधि संचालनमा ल्याउन आवश्यक गृहकार्य गरिनेछ ।

५. "लेस पेपर" को अवधारणा अवलम्बन गर्दै "पेपर लेस" कार्यालय घोषणाका लागि पूर्वाधार तयार गरिनेछ । पुराना फाइल तथा कार्यपालिका र गाउँसभाका निर्णयहरूहरूको "डिजिटलाईज्ड अभिलेख व्यवस्थापन प्रणाली" संचालनमा ल्याइने छ ।

६. गाउँपालिकाको मुख्य सडकमा सडक दुर्घटना न्यूनीकरण गर्न स्वचालित नम्बर प्लेट पहिचान गर्न सक्ने स्मार्ट क्यामेरा (ANPR Camera) तथा ट्राफिक लाइट (Traffic Light) जडान गरिनेछ । साथै फर्सांटिकर तथा मानापकड़ी जस्ता सम्वेदनशिल बजार क्षेत्र र चोकहरूमा सीसीटीभी (CCTV) क्यामेरा जडान गरिनेछ ।

७. सूचना प्रविधि विभाग, नेपाल टेलिकम र एनसेलसँगको सहकार्यमा गाउँपालिकाबाट प्रकाशित महत्वपूर्ण सूचनाहरू प्रत्येक नागरिक तथा घरधुरीको मोवाइलमा SMS मार्फत पुर्याउने व्यवस्था मिलाइनेछ ।

८. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि ICT तालिम संचालन गरिनेछ ।

९. गाउँपालिका तथा वडा कार्यालयमा भए गरेका गतिविधिलाई इ-बुलेटिनमार्फत प्रत्येक त्रैमासिक अवधिमा प्रकाशन गरिने र वार्षिक वुलेटिन छपाई गरी वितरण गरिनेछ ।

१०. स्थानीय तह संस्थागत क्षमता स्वः मूल्याङ्कन (LISA) कार्यविधि र स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्यांकन (FRA) कार्यविधिले निर्दिष्ट गरेका विषय क्षेत्रहरू, सूचक र मापदण्डहरूको प्रभावकारी कार्यान्वयन

गरी शुद्धोधन गाउँपालिकालाई उत्कृष्ट तथा सुशासन मैत्री गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

११. गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेटलाई थप व्यवस्थित गरिनेछ ।

१२. अडियो म्यासेज मार्फत् कर्मचारी जनप्रतिनिधि तथा आम नागरिकलाई सूचना प्रवाह गरिनेछ ।

१३. आवश्यक स्थानहरूमा फ्रि वाईफाईको व्यवस्था गरिनेछ ।

१४. स्थानीय सञ्चारकर्मीहरूको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरूको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१५. विज्ञापन तथा सूचना सम्प्रेषण गर्न स्थानीय संचार संस्थाहरूलाई प्राथमिकता दिइनेछ ।

१६. स्थानीय तहमा कियाशील संचारकर्मीहरूको क्षमता अभिवृद्धको लागि आवश्यक सहयोग गरिनेछ ।

१७. गाउँपालिका भित्र सूचना केन्द्र स्थापना गरिनेछ ।

१८. गाउँपालिकाको नामकरण गरिएको राजा शुद्धोधनको ऐतिहासिक तथ्य प्रमाणका आधारमा यस गाउँलिकाको सम्बन्ध झल्किने विषयको वृत्तचित्र लगायतका सामग्रीलाई विद्युतीय माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाइनेछ ।

गाउँसभा सदस्यज्यूहरू,

## ४. बन, वातावरण तथा विपद व्यवस्थापन समिति

### क. वन वातावरणतर्फ

१. वातावरण संरक्षण तथा हरियाली प्रवर्धनका लागि वैकल्पिक उर्जा (वायो ग्याँस, सुधारिएको चुलो, सौर्य उर्जा र विद्युतिय चुलो) जडानलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

२. प्लाष्टिकजन्य झोला तथा वस्तुहरूको प्रयोगलाई निरुत्साहित गर्दै फाइबर झोलाको प्रयोग र उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइट निर्माण तथा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ । साथै निर्माणाधीन शवदाह गृहलाई थप व्यवस्थित गरिनेछ ।

४. सार्वजनिक जग्गाहरूको पहिचान गर्ने, संरक्षण गर्ने र उक्त जग्गाहरूमा वृक्षरोपण गर्दा फलफूल, औषधीजन्य साथै आयआर्जन हुने खालका विरुवाहरू रोप्न प्रोत्साहन गरिनेछ ।

५. पार्क उद्यान, बगैचा तथा सडक आसपासमा सडक मापदण्ड भित्र रही हरियाली प्रवर्धनका लागि वृक्षरोपण गरिनेछ ।

### ख. विपद् व्यवस्थापनतर्फ

१. तिनाउ तथा दानव नदीको नदीजन्य पद्धार्थ व्यवस्थापन गर्दा स्थानीयलाई पर्ने क्षति कम गर्न तटबन्ध गर्ने, नाकामा पर्ने सडक मर्मत गर्ने कार्य अगाडि बढाइनेछ साथै सम्बन्धित स्थानीय बासीहरूसँग समन्वय गरी नदीजन्य पदार्थको व्यवस्थापन व्यवस्थित र पारदर्शी गरिनेछ ।

२. विपद् व्यवस्थापन कोषलाई अझ प्रभावकारी रुपमा परिचालन गरी राहत वितरणलाई पारदर्शि र ब्यवस्थित गरिनेछ ।

३. बिपद् तथा जोखिम न्यूनिकरण र उद्धार कार्यका लागि मानव श्रोत परिचालन र पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि गरिनेछ ।

४. स्थानीय विपद् कार्यकक्ष स्थापना गरिनेछ ।

## ग. खानेपानी तथा सरसफाईतर्फ

१. वातावरणीय स्वच्छता कायम गर्न सार्वजनिक तथा संस्थागत शौचालयहरू बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ ।

२. मुख्य बजारको सरसफाई प्रवर्द्धनका लागि नीजि क्षेत्रसंग सहकार्य गर्दै अगाडि बढने र फोहरमैला ब्यावस्थापनलाई आयआर्जनसंग जोड्ने नीति अवलम्वन गरिनेछ ।

३. गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. शुद्धोधन गाउँपालिका भित्रको सम्पूर्ण नागरिकहरूलाई शुद्ध र सफा खानेपानी उपलब्ध गराउन एक घर एक धाराको व्यवस्था क्रमसः कार्यान्वयन गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका पोखरी तालतलैयाहरूको पहिचान संरक्षण मर्मत तथा प्रवर्धन गरी पुनरभरण (Recharge) प्रणालीलाई प्राथमिकतामा राखी पानीको स्रोत संरक्षण गर्ने नीति लिइनेछ ।

६. खानेपानीका स्रोतहरूको संरक्षण र शुद्ध खानेपानीका उच्च प्राथमिकतामा राखिनुको साथै प्राप्त खानेपानीको पहुँच सुनिश्चित गर्दै लगिनेछ ।

गाउँसभा सदस्यज्यूहरू,

## ५. सुशासन तथा संस्थागत विकास समिति

### क. प्रशासन सेवातर्फ

१. गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न नगर प्रहरीको प्रभावकारी व्यवस्थापन तथा परिचालन गरिनेछ ।

२. गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरूबाट हुने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, सेवाग्राहीमैत्री, छिटो, छरितो, चुस्त, दुरुस्त, मितव्ययी र प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३. गाउँपालिका कार्यालय, वडा कार्यालयहरू, विषयगत शाखाहरू र स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै सेवाग्राहीमाझ मुस्कानसहितको सेवा प्रदान गर्ने गरी कार्य गर्न अभिप्रेरित गरिनेछ ।

४. राष्ट्रसेवक कर्मचारीहरूमा कामप्रति तत्पर हुने, सेवाभावसहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ ।

५. गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरूलाई क्रमशः डिजिटलाईज गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ ।

६. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न स्थानीय सरकारबाट संचालित योजना तथा कार्यक्रम र गतिविधिहरूको चौमासिक/अर्धवार्षिक, वार्षिक समीक्षा, सार्वजनिक सुनुवाई, त्रैमासिक

रुपमा अनलाइन बुलेटिन प्रकाशन र चौमासिक खर्च सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरी खुल्ला सरकारको नीति अवलम्बन गरिनेछ ।

७. विद्युतिय सुशासनको माध्यमबाट विकास निर्माणर सेवा प्रवाहलाई थप प्रवर्द्धन गरिनेछ ।

८. सेवाप्रवाहमा सुधार तथा संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

९. स्थानीय तह संस्थागत क्षमता स्वः मूल्याङ्कन (LISA) कार्यविधी  र स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्यांकन (FRA) कार्यविधीले निर्दिष्ट गरेका विषय क्षेत्रहरू, सूचक र मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गरी शुद्धोधन गाउँपालिकालाई उत्कृष्ट तथा सुशासनमैत्री गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

१०. कर्मचारीहरूलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा लाग्न अभिप्रेरित गर्न उचित मापदण्ड तयार गरीपुरस्कार र सम्मानको ब्यवस्था गरिनेछ । साथै कार्यबोझ तथा कार्यसम्पादन सूचकका आधारमा कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

११. नागरिक बडापत्रलाई समयानुकूल अद्यावधिक गरी क्रमशः Digital नागरिक बडापत्र प्रयोगमा ल्याइनेछ ।

१२. गाउँपलिकामा हालसम्म तर्जुमा भएका स्थानीय कानूनहरूको पालन गर्नु गराउनुका साथै औचित्यका आधारमा संशोधन तथा परिमार्जन गरिने छ ।

१३. विकास निर्माण र सेवा प्रवाहको सम्बन्धमा स्थानीय तह र सेवाग्राहीहरूका बीचमा दोहोरो संवाद तथा अन्तरक्रिया मार्फत् उत्तरदायित्व, पारदर्शिता कायम गर्न जनतासंग जनप्रतिनिधि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१४. नागरिक सन्तुष्टि सर्वेक्षण गरि सेवाप्रवाहलाई थप जनमैत्री बनाउँदै लगिनेछ ।

१५. नागरिक स्तरमा कानूनी सहजता र सरलताका लागि कानूनी साक्षरता कार्यक्रम तथा अभियान सञ्चालन गर्दै गाउँपालिका स्थापना भएदेखि हालसम्म निर्मित कानूनहरूको एकीकृत संग्रह एवम् खण्डिकृत संग्रह प्रकाशन गर्ने व्यावस्था मिलाइनेछ ।

१६. कार्यालयको संगठन संरचना अनुसार रिक्त पदमा करार गर्नका लागि आवश्यक प्रक्रियाहरू पुरा गरी पदपूर्ति गर्ने व्यावस्था मिलाइने छ । साथै वर्षौंदेखि कार्यरत ज्यालादारी कर्मचारीलाई करार सेवा प्रक्रियामा प्राथमिकता दिइने छ ।

१७. पालिकाका वडा कार्यालय, शाखा तथा स्वास्थ्य चौकीहरूलाई कार्यसम्पादनको आधारमा मापदण्ड बनाई पुरस्कृत गरिनेछ ।

१८. स्वास्थ्य सेवा अन्तर्गत फजिलमा रहेका कर्मचारीलाई क्रमसः व्यवस्थापन गर्दै लगिनेछ ।

## ख. राजश्वतर्फ

१. "म तिर्छु मेरै कर" भन्ने भावनालाई आत्मसाथ गराउँदै आन्तरिक राजश्वको सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरूको पहिचान गरिनेछ ।

२. सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ ।

३. स्थानीय तहलाई प्राप्त घर बहाल करलाई थप व्यवस्थित गर्न सम्बन्धित वडा कार्यालयले टोल विकास संस्थाको समन्वयमा लगत तयार गर्ने र स्रोत साधन सहित घर बहाल कर उठाउने व्यवस्था गरिनेछ ।

४. घर बहाल कर जग्गाको क्षेत्रफल तथा संरचनाको आधारमा लागू गरिनेछ ।

५. व्यवसायिक कर तथा घरबहाल कर असुली तथा व्यवस्थापन कार्यमा उद्योग बाणिज्य संघ, च्याम्बर अफ कमर्श, उद्योग व्यापार संगठनसँग सहकार्य गरिनेछ ।

६. गाउँपालिका बासीलाई कर तिर्न बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभुत गराउन कर प्रशासनको सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशिल कर प्रणाली अवलम्बन गरी करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरू तय गरिनेछ ।

७. राजश्व प्रणालीलाई नेपाल सरकारले उपलब्ध गराएको SUTRA प्रणालीमा आवद्ध गरी कर संकलनमा सरलता ल्याइनेछ । उक्त प्रणाली संचालनका लागि कर्मचारीलाई दक्ष बनाइनेछ ।

८. स्थानीय सरकार राजस्व बाँडफाँट अन्तर्गत नदिजन्य पदार्थबाट प्राप्त आय विवाजन गर्दा सम्बन्धित वडाले प्राप्त गर्ने २५ प्रतिशत आम्दानीबाट सम्बन्धित स्थलको संरक्षण र सम्बर्धन सम्बन्धि योजनामा खर्च गर्ने र उक्त योजनाहरु गाउँसभाबाट पारित गरि कार्यन्वयनमा लगिनेछ |

## ग. न्यायिक मामिलातर्फः

१. न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै गाउँपालिकाको न्यायिक समितिबाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

२. प्रत्येक चौमासिक रुपमा वडा कार्यालयमा मेलमिलापकर्ताबाट सम्पादन भएका न्यायिक कार्यको अनुगमन गरी मेलमिलापकर्तालाई थप जिम्मेवार बनाइनेछ ।

३. कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानुनी सिद्धान्तलाई मध्यनजर गर्दै शुद्धोधन गाउँपालिकाका ग्रामीण क्षेत्रका सर्वसाधारणमा कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरू संचालन गरिनेछ ।

४. नयाँ चयन भएका मेलमिलापकर्तालाई कानूनी क्षेत्रमा स्थापित भएका नयाँ सिद्धान्त, ऐन, कानूनको संसोधन, न्याय सम्पादन प्रकृया लगायतका विषयमा जानकारी गराउन आधारभूत तालिम सञ्चालन गरिनेछ ।

५. स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहको न्याय सम्पादन प्रकृयामा मेलमिलापलाई प्राथमिकता दिइएबमोजिम वडामा रहेका मेलमिलापकर्ताबाट मेलमिलाप गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ ।

६. न्यायिक समितिको संस्थागत सुदृढीकरणको लागि अन्तरपालिका अनुभव आदानप्रदान तथा न्यायिक समिति साथै मेलामिलापकर्तालाई अध्ययन, अवलोकनमार्फत अनुभव तथा सिकाई अभ्यासलाई प्राथमिकतामा राखिनेछ ।

७. न्यायिक समितिको कार्यसम्पादनलाई प्रविधिसँग आवद्ध गरी तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई चुस्त, दुरुस्त पार्न न्यायिक मामिला व्यवस्थापन प्रणालीलाई अधिकतम प्रयोग गर्ने नीति लिइनेछ ।

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

माथी उल्लिखित वार्षिक नीति तथा कार्यक्रमका सम्बन्धमा सिमित स्रोत, साधनलाई अधिकतम सदुपयोग गर्न गाउँसभाका सम्पूर्ण सदस्यहरूको रचनात्मक, राय, सल्लाह र सुझावको अपेक्षा गरेको छु ।

गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र तथा प्रदेशमा पठाइनेछ । गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिकाबासी सरोकारवाला सबैको चासो र सहभागिता जरूरी छ । तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तरदेखि नै सरोकारवालाहरूले छनोट गरी वडा समितिमार्फत प्राथमिकीकरण गरी आएका आयोजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ ।

आ. व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सिलसिलामा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने गाउँपालिका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, बजेट तथा कार्यक्रम तर्जुमा समिति एवम् सम्पूर्ण विषयगत समितिका संयोजक र सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी तथा पत्रकारहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै यस खालको वार्षिक नीति तथा कार्यक्रमको रुपरेखा तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सत्प्रेरणाको अजश्र स्रोत बनेका जहाँसुकै रहे, बसेका सम्पूर्ण शुद्धोधनका जनताहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । **धन्यवाद** ।

जय, शुद्धोधन ।

**०५ आषाढ २०८१**

**गा.पा. अध्यक्ष**

**विष्णु प्रसाद बस्याल**

**शुद्धोधन गाउँपालिका, रुपन्देही**